कोन्ज्योसोम गाउँपालिकाको आठौं गाउँसभामा २०७८ साल आषाढ १० गते बिहिबार
गाउँपालिकाका उपाध्यक्ष श्री मिङ्मा लामाज्यूले
प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७८/७९ को
# बजेट बक्तव्य

कोन्ज्योसोम गाउँपालिका
चौघरे, ललितपुर
२०७८
**www.konjyosommun.gov.np**

**गाउँसभाका अध्यक्ष महोदय,**

१. नेपालको संविधानले प्रदान गरेको संवैधानिक अधिकारको प्रयोग गर्दै यस गाउँपालिकाको गाउँसभा समक्ष आ.व. २०७८/०७९ को अनुमानित आय/व्ययको विवरण पेश गर्न पाउँदा मैले गौरवको अनुभूती गरेको छु । नेपालको संघिय संरचना अन्तर्गत जनतासँग नजिकबाट प्रत्यक्ष सरोकार राख्ने स्थानीय सरकारको महत्व, भूमिका र औचित्य सम्पुर्ण गाउँबासिमा बोध गराउने सुखद समयलाई स्मरण गर्न चाहन्छु । यस गौरबमय अवसरमा विभिन्न सशस्त्र संघर्ष तथा लोकतान्त्रिक आन्दोलन मार्फत नेपालको नया संविधान र संघीय संरचना स्थापनार्थ जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दै घाइते, अपाङ्गता भएका तथा वेपत्ता पारिएका नागरिकहरुप्रति उच्च सम्मान र आदर प्रकट गर्दछु ।

२. नेपालको संविधानले नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत समाजवाद उन्मुख राज्य व्यवस्थाको परिकल्पना गर्दै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षा पुरा गर्ने लक्ष्य लिएको छ । सोही लक्ष्य प्राप्तिका लागि यस कोन्ज्योसोम गाउँपालिका सधै क्रियाशिल रहनेछ । साथै अवको हाम्रो दिर्घकालिन सोच **"कृषि, पर्यटन, सस्कृति, वातावरण र पूर्वाधार : सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार"** लाई आत्मसाथ गर्दै यस गाउँपालिका क्षेत्रलाई नेपालकै एक नमुना, सभ्य, सुशासनयुक्त, शान्त, समुन्नत र जीवन्त गाउँपालिकाको रुपमा विकास गर्नु हुनेछ ।

३. यस सम्मानित सभामा बजेट तथा कार्यक्रमहरु प्रस्ताव गर्दा नेपालको संविधानले निर्देशित गरेको स्थानीय सरकारको काम, कर्तव्य तथा अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, २०७४ मा भएको व्यवस्था, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको व्यवस्था, संघीय र प्रदेश सरकारको समानिकरण अनुदान, राजश्व बाँडफाँडको सिलिङ्ग सहितको मार्गदर्शन, वडा भेलाका क्रममा आम गाउँबासीहरुबाट आएका सल्लाह र सुझाव तथा आजै केहि समय अगाडि यस गाउँसभा समक्ष पेश भएको आर्थिक बर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमलाई मुख्य मार्ग दर्शनको रुपमा लिइएको छ ।

**सभा अध्यक्ष महोदय,**

४. चालु आर्थिक वर्ष २०७७/०७८ मा यस स्थानीय सरकारले यसै सभा समक्ष रु. **४२ करोड ५९ लाख ७८ हजार (संसोधित)** को आय व्ययको विवरण पेश गरेको थियो । जसमा **चालु तर्फ २५ करोड ४७ लाख ६५ हजार र पूँजिगत तर्फ रु. १७ करोड १२ लाख १३ हजार** विनियोजन भएकोमा **२०७८ साल असार ९ गते सम्मको तथ्याङ्क अनुसार चालु तर्फ रु. १७ करोड १८ लाख ६० हजार अर्थात विनियोजनको ६७.४५ प्रतिशत र पूँजीगत तर्फ रु. ६ करोड ३७ लाख ५८ हजार अर्थात विनियोजनको ३७.२४ प्रतिशत खर्च भएको देखिन्छ** । जसमा गाउँपालिकाका केही महत्वपूर्ण आयोजनाहरु जस्तै : **कोन्ज्योसोम प्रतिमा निर्माण आयोजना, दलचोकी भ्यू टावर निर्माण**

**आयोजना, चौघरे लिफ्टीङ खानेपानी आयोजना**, **मबिर गुर्दुमथुम दलचोकी लिफ्टीङ खानेपानी आयोजना**, **काम्लेचौर खेल मैदान निर्माण आयोजना, शंखु छ्यौंदेन निर्माण आयोजना, शंखुमा १० शैयाको सुविधासम्पन्न आधारभूत अस्पताल** निर्माण गर्ने लगायतका अधिकाशं आयोजनाहरुको DPR तयार भएका छन भने **गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कार्य सम्पन्न भई प्रशासनिक कार्यहरु नवनिर्मित भवनबाट सञ्चालन भइरहेको, कोन्ज्योसोम प्रतिमा निर्माण कार्य सञ्चालनमा रहेको, सिमभञ्ज्याङ्ग चौतारा सडकखण्ड कालोपत्रे भएको, भारदेउ पनौती जोड्ने सडकको ट्रयाक खोल्ने आंशिक कार्य सम्पन्न भएको, दलचोकी भ्यू टावर निर्माण आयोजनाको कार्य अन्तिम चरणमा पुगेको, चौघरे लिफ्टीङ खानेपानी आयोजनाको निर्माण कार्य अन्तिमा चरणमा पुगेको, शंखु छ्यौंदेन निर्माणको कार्य भइरहेको, शंखुमा १० शैयाको सुविधासम्पन्न आधारभूत अस्पताल निर्माण गर्न ठेक्का आह्वान गरिएको, चौघरे स्वास्थ्य चौकीमा ल्याब सेवा सञ्चालनमा आएको** लगायत यस गाउँपालिका भित्रका अधिकांश साना आयोजनाहरुको निर्माण कार्य सम्पन्न भई भुक्तानी समेत भइसकेको विषयलाई यस सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु ।

५. त्यसै गरी यस गाउँपालिकाको **आगामी आर्थिक बर्ष २०७८/७९** को बार्षिक बजेटको लागि नेपाल सरकारको वित्तिय समानिकरण अनुदानबाट **रु. ६ करोड ९९ लाख,** प्रदेश सरकारको वित्तिय समनिकरण अनुदानबाट **रु.४८ लाख ७ हजार,** नेपाल सरकारको राजस्व बाँडफाँडबाट **रु. ४ करोड १५ लाख २५ हजार,** प्रदेश सरकारको राजस्व बाँडफाँडबाट **रु. १ करोड ७ लाख ११ हजार,** नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट **रु. १३ करोड ७६ लाख,** प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट **रु. १ करोड ६८ लाख १० हजार,** नेपाल सरकारबाट प्राप्त विशेष अनुदानबाट रकम **रु. १ करोड ४१ लाख,** प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदानबाट **रु. ६० लाख,** प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदानबाट **रु. ९९ लाख ६० हजार,** चालु आ.व.बाट हस्तान्तरित हुने अनुमानित नगद मौज्दात (अ.ल्या.) **रु. ३६ लाख ६४ हजार, कोन्ज्योसोम प्रतिमा निर्माण क्रमागत योजना रु १ करोड १५ लाख,** आन्तरिक आय **रु. ६० लाख, र** स्थानीय विपद व्यवस्थापन कोषमा अनुमानित मौज्दात **रु. ५ लाख** गरी कुल **रु. ३३ करोड ३० लाख ७७ हजार** बराबरको अनुमानित आय प्रस्तुत गरेको छु । **यस मध्ये** पुर्वाधार विकास तर्फ **रु.८ करोड ५९ लाख ७० हजार (समपुरक कोष सहित),** सामाजिक विकास तर्फ **रु. १३ करोड १५ लाख,** आर्थिक विकास तर्फ **रु. २ करोड ७९ लाख,** वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ **रु. ५० लाख,** सुशासन तथा संस्थागत क्षमता विकास तर्फ **रु. ८ करोड २७ लाख ७ हजार** तथा नेपाल सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्तालाई सोही अनुरुप विनियोजन हुने गरी सम्मानित सभा समक्ष पेश गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

अव म आगामी आ.व. का लागि प्रस्ताव गरिएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको बारेमा विषयगत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

**भौतिक पूर्वाधार विकास तर्फ :**

१. यस गाउँपालिकाको प्रथम पञ्च बर्षीय योजनाले तय गरेको दिर्घकालिन सोच **"कृषि, पर्यटन, सस्कृति, वातावरण र पूर्वाधार : सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार**"लाई सार्थक बनाउन तथा समृद्ध तथा समुन्नत कोन्ज्योसोम निर्माणका लागि बहुआयामिक विकासको थालनी गर्ने गरी पर्याप्त बजेटको विनियोजन गरेको छु ।

२. गाउँपालिकाका सबै क्षेत्रको सन्तुलित विकासका लागि निर्धारण गरिएका **गाउँ गौरवका** आयोजनाहरु **कोन्ज्योसोम प्रतिमा निर्माण आयोजना, ठोस्नेखोला वेली ब्रिज निर्माण, मबिर गुर्दुमथुम दलचोकी लिफ्टीङ खानेपानी आयोजना, भेडेखर्क डोल फूलबारीडाँडा खानेपानी आयोजना, दलचोकी भोटडाँडा क्वाकलिङ सडक, शंखु छ्युर्योदेन गुम्बा निर्माण, तरकारी संकलन केन्द्र शंखु, लामदुवाली झोपु तिप्चेखोला दोभान, श्री कृष्णप्रणामी मन्दिर, कतुवन भञ्ज्याङबाट शंखु जाने सडक आयोजना** लगायतका योजनाहरुका लागि पर्याप्त बजेट विनियोजन गरिएको छ । त्यस्तै गाउँबस्ति स्तरबाट संकलन भई आएका वडा स्तरका योजनाहरु तथा वडाबाट गाउँपालिकामा माग भई आएका पूर्वाधार विकास तर्फका महत्वपुर्ण आयोजनाहरुको निर्माणका लागि पूर्वाधार विकास तर्फ जम्मा **रु.८ करोड ५९ लाख ७० हजार (समपुरक कोष सहित)** विनियोजन गरेको छु ।

३. गाउँपालिका भित्र विकास गरिने महत्वपुर्ण भौतिक पूर्वाधार निर्माणका लागि प्रारम्भमै आवश्यक पर्ने प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारीका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**आर्थिक विकास तर्फ :**

४. आगामी आ.व. लाई यस गाउँपालिकाले **कृषि तथा पशुपक्षी बर्ष** कै रुपमा मनाउँदै कोरोना भाइरस (COVID-19) का कारण विदेशमा रोजगारी गुमाई स्वदेश फर्किएका युवाहरुलाई लक्षित कृषि तथा पशुपालनको क्षेत्रमा स्वरोजगार सिर्जना गर्न तथा गाउँपालिकाको विकासको प्रमुख आधार नै कृषि तथा पशुपक्षी क्षेत्रको आधुनिकरण, व्यवसायिकरण र बजारीकरण रहेको कुरालाई हृदयङ्गम गर्दै कृषि विकास कार्यक्रमका लागि रु. ३५ लाख तथा पशु विकास कार्यक्रमका लागि रु. ६० लाख रकम विनियोजन गरेको छु ।

**सामाजिक विकास तर्फ :**

६. Covid – 19 को बढ्दो संक्रमणका कारण अवरुद्ध भएको पठनपाठनलाई सुचारु गर्न बैकल्पिक विधी प्रयोग गर्न, प्रविधिमा आधारित **Digital Education** को शुरुवात गर्न, माध्यमिक तह सम्मको शिक्षालाई निशुल्क बनाउने गाउपालिकाको योजनालाई सहयोग पुऱ्याउन, विद्यालय शिक्षामा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न ICT ल्याब, विज्ञान प्रयोगशाला र विषयगत प्रयोगशाला स्थापना गर्ने, विद्यालयमा कार्यरत बालबिकास सहयोगी कार्यकर्ता र कर्मचारीहरुका लागि प्रोत्साहन स्वरुप प्रति महिना रु. २०००/-(दुइ हजार) का दरले थप पारिश्रमिक उपलब्ध गराउन शिक्षा विकास तर्फ जम्मा रु. ७० लाख रकम विनियोजन गरेको छु।

७. जेष्ठ नागरिकहरुको सम्मान र संरक्षण, महिलाहरुको सशक्तिकरण, महिला उद्यमशिलताको विकास र बालबालिकाहरुको संरक्षणका लागि जम्मा **रु. २० लाख** रकम विनियोजन गरेको छु ।

८. आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच र सुनिश्चितताका लागि गाउँपालिका भित्रका स्वास्थ्य सँस्थाले दिदै आएको सेवालाई थप प्रभावकारी बनाउन मुटु, मृगौला, क्यान्सर लगायतका घातक रोगका विरामीहरुलाई यथासक्य सहयोग गर्न, गाँउपालिका केन्द्रसँगै रहेको चौघरे स्वास्थ्य चौकिमा रहेको ल्याब सेवालाई श्रोतसाधन सम्पन्न बनाउन, महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन स्वरुप यातायात खर्च उपलब्ध गराउन लगायतका कार्यक्रमको लागि रु ४० लाख विनियोजन गरेको छु।

९. आधारभूत स्वास्थ्य सेवामा पहुँच र सुनिश्चितताका लागि गाउँ भित्रका स्वास्थ्य संस्थाले दिदै आएको सेवालाई थप प्रभावकारी बनाई सेवाको गुणस्तरीयतामा जोड दिदै आयुर्वेद चिकित्सा पद्धती, ध्यान र योगलाई स्वास्थ्य उपचारको सहयोगी माध्यम बनाउन प्रोत्साहित गर्दै नागरिक आरोग्य केन्द्रलाई अझ व्यस्थित बनाउन रु. २ लाख ५० हजार रकम विनियोजन गरेको छु।

१०. कोरोना रोग (Covid-19) का कारण मृत्यूबरण गरेका नागरिकका परिवारलाई कोभिड-१९ व्यवस्थापन कोष खडा गरी प्रति परिवार रु. १० हजार नगद सहयोग उपलब्ध गराउन आवश्यक रकमको व्यवस्था मिलाएको छु।

**वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ :**

११. विभिन्न स्थानमा रहेका खाली जमिनहरुका साथै विकास निर्माणका कार्यहरुबाट भु-क्षय भएका क्षेत्रहरुमा वृक्षारोपण गर्न तथा गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुलाई व्यवस्थित गर्दै त्यस्ता वन क्षत्रहरुमा जडिवुटी, गैरकाष्ठ वन पैदावार र आय आर्जनका विविध कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

१२. भूसंरक्षण, जलाधार व्यवस्थापन र जलउत्पन्न प्रकोप न्यूनीकरणका लागि कार्यक्रमहरु सञ्चालन गर्न तथा विपद जोखिम न्यूनिकरण, जलवायु परिवर्तनको असर न्यूनीकरण, covid-19 जस्ता विश्वव्यापी महामारी रोग नियन्त्रण तथा रोकथाम आदि कार्यको लागि विपद व्यवस्थापन कोषमा रु ५० लाख बजेट विनियोजन गरेको छु ।

**सुशासन तथा संस्थागत विकास तर्फ :**

१३. संवैधानिक रुपमा व्यवस्था भए बमोजिम स्थानीय तहमा प्राप्त न्यायिक अधिकारहरुको प्रयोग गरी क्षेत्राधिकार भित्र रहेर न्याय निरुपणलाई प्रभावकारी, चुस्त र दुरुस्त बनाउने उदेश्यले यस गाउँपालिकामा रहेको न्यायिक समितिलाई साधन श्रोत सम्पन्न बनाउन तथा समितिका पदाधिकारीहरु र मेलमिलापकर्ताहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न रु. ५ लाख रकम विनियोजन गरेको छु ।

१५. निर्वाचित जनप्रतिनिधिहरुको नेतृत्व क्षमता विकास गरी निर्णायक कार्यलाई व्यवस्थित तथा भरपर्दो बनाउन तथा कर्मचारीहरुको प्रशासनिक तथा सेवा प्रवाह क्षमतामा वृद्धि गरी सेवा प्रवाहलाई छिटो, छरितो, व्यवस्थित र प्रविधि मैत्री बनाउने कार्यलाई सहयोग पुऱ्याउन आवश्यक पर्ने रकमको विनियोजन गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

अव म आगामी आ.व. २०७८/०७९ को अनुमानित आय र व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

| तपशिलः | | | | | |
|---|---|---|---|---|---|
| आय तर्फ | | | व्ययतर्फ | | |
| क्र.स. | श्रोत | बजेट रु. हजारमा | क्र.स. | क्षेत्र | बजेट रु. हजारमा |
| १ | संघिय समानीकरण अनुदान | ६९९०० | १ | ५ वटै वडमा विकास बजेट | २२५०० |
| २ | प्रदेश समानीकरण अनुदान | ४८०७ | २ | शिक्षा शाखा कार्यक्रम | ७००० |
| ३ | संघिय राजश्व बाँडफाँड अनुदान | ४१५२५ | ३ | स्वास्थ्य शाखा कार्यक्रम | ४००० |
| ४ | प्रदेश राजश्व बाँडफाँड अनुदान | १०७११ | ४ | कृषि विकास कार्यक्रम | ३५०० |
| ५ | संघिय शसर्त अनुदान | १३७६०० | ५ | पशु विकास कार्यक्रम | ६००० |
| ६ | प्रदेशशसर्त अनुदान | १६८१० | ६ | संघिय विशेष अनुदान | १४१०० |
| ७ | संघिय विशेष अनुदान | १४१०० | ७ | प्रदेश समपुरक अनुदान | ९९६० |
| ८ | प्रदेश समपुरक अनुदान | ९९६० | ८ | प्रदेश विशेष अनुदान | ६००० |
| ९ | प्रदेश विषेश अनुदान | ६००० | ९ | चालु खर्च गाउँपालिका र वडासमेत | ६१९०० |
| १० | कोन्ज्योसोम प्रतिमा निर्माण क्रमागत योजना समपुरक कोष | ११५०० | १० | समपुरक कोष ठोस्नेखोला | १०५०० |
| ११ | स्थानीय विपद व्यवस्थापन कोष मौज्दात | ५०० | ११ | संघिय शसर्त अनुदान | १३७६०० |
| १२ | आन्तरिक आय | ६००० | १२ | प्रदेश शसर्त अनुदान | १६८१० |
| १३ | आ व २०७७/०७८ को अल्या रकम | ३६६४ | १३ | महिला बालबलिका ईकाई | २००० |
| | | | १४ | नागरिक आरोग्य केन्द्र | २५० |
| | | | १५ | सहकारी | २५० |
| | | | १६ | कोन्ज्योसोम प्रतिमा निर्माण क्रमागत योजना | ११५०० |
| | | | १७ | न्यायिक समिती | ५०० |
| | | | १८ | स्थानीय विपद व्यवस्थापन कोष | ५००० |
| | | | १९ | गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरु | १३७०७ |
| **जम्मा आयतर्फ** | | **३३३०७७** | **जम्मा व्ययतर्फ** | | **३३३०७७** |

१६. प्रस्तुत वजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने गाउँपालिकाका अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। बजेट तर्जुमाको क्रममा सहयोग गर्नुहुने विषयगत समितिका पदाधिकारीहरु, गाउँसभाका सदस्यहरुलाई धन्यवाद दिन चाहन्छु। बजेटका सिद्धान्त र प्राथमिकता माथि रचनात्मक सुझाव दिनुहुने सबै राजनीतिक दल, स्थानीय बुद्धिजीवि, नागरिक समाज, नीजि क्षेत्र, सञ्चार जगत एवम् सरोकारवाला सबैलाई विशेष धन्यवाद दिन चाहन्छु र बजेट निर्माणका क्रममा नीतिगत तथा कानुनी र प्रशासनिक कार्यमा अहोरात्र खटिई सहयोग गर्नुहुने राष्ट्रसेवक कर्मचारीहरुलाई समेत धन्यवाद दिन चाहन्छु।

१७ अन्तमा, बजेट कार्यान्वयनमा सरोकारवाला सबैको सहयोगको अपेक्षा राख्दै गाउँपालिका बासी सबै दिदीबहिनी तथा दाजुभाईहरुलाई कोभिड-१९ को जोखिमबाट सुरक्षित रहनुहुन अनुरोध गर्दै **"कृषि, पर्यटन, संस्कृति, वातवारण र पूर्वाधारः सुशासन युक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार"** भन्ने गाउँपालिकाको दिर्घकालीन सोचलाई साकार पार्ने कार्यमा यहाँहरु सबैलाई योगदान गर्न आह्वान गर्दछु।

**धन्यवाद।**

सभा अध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०७८/०७९ को विनियोजन विधेयक २०७८ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## विनियोजन विधेयक, २०७८

**कोन्ज्योसोम गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८**

**प्रस्तावना :** कोन्ज्योसोम गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कोन्ज्योसोम गाउँपालिकाको छैठौं गाउँसभाबाट स्वीकृत गर्नका लागि यो विधेयक पेश गरेको छु ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस विधेयकको नाम " कोन्ज्योसोम गाउँपालिकाको विनियोजन विधेयक, २०७८" रहेको छ ।

(२) यो विधेयक सभा वाट स्वीकृत भइ स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी मिति २०७८/०४/०१ देखि लागू हुनेछ ।

**२. आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७८/०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची (१) मा उल्लिखित चालु खर्च, पुँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३३,३०,७७,०००।- (अक्षेरुपी तेतिस करोड तिस लाख सतहत्तर हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :** (१) यस विधेयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त कोन्ज्योसोम गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै

एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको **२५ प्रतिशत** भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँसभा नबसेको अवस्थामा गाउँपालिकालाइ कुनै रकम कुनै श्रोतबाट प्राप्त भएको अवस्थामा सो रकम कार्यक्रम बनाई गाउँ कार्यपालिकाले निर्णय गरी खर्च गर्न सक्नेछ । यस्तो खर्च लगत्तै बस्ने गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

# अनुसूचीहरु

आ.व.०७८/७९ को अनुमानित आय/व्ययको विवरण तपसिल बमोजिम रहेको छ ।

| तपशिलः | | | | | |
|---|---|---|---|---|---|
| आय तर्फ | | | व्ययतर्फ | | |
| क्र.स. | श्रोत | बजेट रु. हजारमा | क्र.स. | क्षेत्र | बजेट रु. हजारमा |
| १ | संघिय समानीकरण अनुदान | ६९९०० | १ | ५ वटै वडमा विकास बजेट | २२५०० |
| २ | प्रदेश समानीकरण अनुदान | ४८०७ | २ | शिक्षा शाखा कार्यक्रम | ७००० |
| ३ | संघिय राजश्व बाँडफाँड अनुदान | ४१५२५ | ३ | स्वास्थ्य शाखा कार्यक्रम | ४००० |
| ४ | प्रदेश राजश्व बाँडफाँड अनुदान | १०७११ | ४ | कृषि विकास कार्यक्रम | ३५०० |
| ५ | संघिय शसर्त अनुदान | १३७६०० | ५ | पशु विकास कार्यक्रम | ६००० |
| ६ | प्रदेशशसर्त अनुदान | १६८१० | ६ | संघिय विशेष अनुदान | १४१०० |
| ७ | संघिय विशेष अनुदान | १४१०० | ७ | प्रदेश समपुरक अनुदान | ९९६० |
| ८ | प्रदेश समपुरक अनुदान | ९९६० | ८ | प्रदेश विशेष अनुदान | ६००० |
| ९ | प्रदेश विषेश अनुदान | ६००० | ९ | चालु खर्च गाउँपालिका र वडासमेत | ६१९०० |
| १० | कोन्ज्योसोम प्रतिमा निर्माण क्रमागत योजना समपुरक कोष | ११५०० | १० | समपुरक कोष ठोस्नेखोला | १०५०० |
| ११ | स्थानीय विपद व्यवस्थापन कोष मौज्दात | ५०० | ११ | संघिय शसर्त अनुदान | १३७६०० |
| १२ | आन्तरिक आय | ६००० | १२ | प्रदेश शसर्त अनुदान | १६८१० |
| १३ | आ व २०७७/०७८ को अल्या रकम | ३६६४ | १३ | महिला बालबलिका ईकाई | २००० |
| | | | १४ | नागरिक आरोग्य केन्द्र | २५० |
| | | | १५ | सहकारी | २५० |
| | | | १६ | कोन्ज्योसोम प्रतिमा निर्माण क्रमागत योजना | १५०० |
| | | | १७ | न्यायिक समिती | ५०० |
| | | | १८ | स्थानीय विपद व्यवस्थापन कोष | ५००० |
| | | | १९ | गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरु | १३७०७ |
| जम्मा आयतर्फ | | ३३३०७७ | जम्मा व्ययतर्फ | | ३३३०७७ |

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | गाउँ कार्यपालिका | | १५३८६७ | १३६५०० | | |
| २ | वडा समिति | | १७१० | १७५०० | | |
| ३ | बिषयगत शाखा | | २३५०० | | | |
| ४ | ऋणको सावा ब्याज भुक्तानी | | | | | |
| | **जम्मा** | | **१७९०७७** | **१५४०००** | | **३३३०७७** |